अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्बन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

**श्री बुकि डाँडाँ सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-१, ,दाङ**

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३/३/२२)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट पुनरुत्पादन कटान र ढलापडा तर्फ आ.व.२०८२/०८३ मा संकलन गरी डिभिजन वन कार्यालय दाङ(देउखुरी)को चलानी नम्बर २१०२ मिति २०८३/३/१९ गतेको लिलाम विक्रिको लागि सहमति अनुसार सामुदायिक वनको घाटगद्दीमा भएको काठलाई विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन १२:०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ(देउखुरी) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

<u>तपशिलः–</u>

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | दर प्रति घ.फि. | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | |
| 1 | 1 | साल | गोलिया | ए | १६ | २०२.२२ | १२५० | २५२७७५.०० | प्रति घ.फि.२०८/- | |
| | | | | वी | ७६ | ५५४.०८ | ९०० | ४९८६७२.०० | | |
| | | | | सी | ३४२ | ११६६.९८ | ६०० | ७००१८८.०० | | |
| | | | | डी | ७९ | १२७.५२ | ३०० | ३८२५६.०० | | |
| जम्मा | | | | | ५१३ | २०५०.८ | | १४८९८९१.०० | | |
| 2 | 2 | खयर | गोलिया | | १७८८ | १०२५.६४ | १००० | १०२५६४०.०० | प्रति घ.फि २०८/- | |
| जम्मा | | | | | १७८८ | १०२५.६४ | १००० | १०२५६४०.०० | | |
| ३ | ३ | अन्य | गोलिया | | १७ | ६२.९ | १०० | ६२९० | प्रति घ.फि २०८/- | |
| | | कर्मा | | वी | २ | १७.५३ | ३०० | ५२५९ | | |
| | | | | सी | ४ | १५.५९ | १०० | १५५९ | | |
| | | अस्ना | | ए | ७ | १०८.५३ | ४०० | ४३४१२ | | |
| | | | | वी | ४० | ३४८.२७ | ३०० | १०४४८१ | | |
| | | | | सी | २३२ | ८२३.९२ | १०० | ८२३९२ | | |
| | | जामुन | | वी | ८ | ५७.४४ | ३०० | १७२३२ | | |
| | | | | सी | २५ | ६९.२४ | १०० | ६९२४ | | |
| | | तेन्दु | | | २ | ५.०६ | १०० | ५०६ | | |
| | | दवदवे | | | २ | ४.२१ | १०० | ४२१ | | |
| | | धौटि | | | १०६ | ३७७.३३ | १०० | ३७७३३ | | |

अध्यक्ष

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्यार | | | ७ | २२.२२ | १०० | २२२२ | | |
| | | बोटधईरो | | | ७ | १७.२८ | १०० | १७२८ | | |
| | | भलायो | | | ४ | १०.९४ | १०० | १०९४ | | |
| | | सतिसाल | | | १२ | २३.३५ | १६०० | ३७३६० | | |
| | | सल्ला | | ए | ६ | ८२.९३ | २५० | २०७३२.५ | | |
| | | | | वी | २२ | ९६.४२ | १५० | १४४६३ | | |
| | | सादन | | | १६ | ४६.८८ | 300 | १४०६४ | | |
| | | | | जम्मा | ५१९ | २१९०.०४ | | ३९७८७२.५ | | |
| | | साल | दाउरा | | चट्टा | ९ | १२००० | १०८००० | प्रति चट्टा १२०००/- | |
| | | अन्य | दाउरा | | चट्टा | ९ | ४००० | ३६००० | | |
| | | जम्मा दाउरा | | | | | | १४४००० | | |
| | | | | | | | | ५४१८७२.५ | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०४/१० गते ५:०० बजे भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/४/११ गते, १२:०० बजे भित्र ।

ग) बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात दाखिला गर्ने दिन नै निर्धारित समयमा बोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको सांग्रिला डेभलपमेन्ट बैंक लमही.शाखा स्थित खाता नं. ०१७००८०००७७८९५००००२ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. बोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखी १० लखासम्म न्यूनतम मुल्य भएको रु.१,०००।– र रु.दसलाख भन्दा बढी न्यूनतम मूल्य कायम भएको रु.२०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ(देउखुरी)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५.बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६. बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

८. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/४/११ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५(पैतालिस)दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि,कर,सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

अध्यक्ष

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

अध्यक्ष